# मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा

झापा जिल्ला, प्रदेश नं. १, नेपाल

# Mechinagar Municipality

Office of the Municipal Executive, Itabhatta

Jhapa District, Province No. 1, Nepal

प. सं. : २०७५।०७६ (घर नक्शा उपशाखा)

च. नं. :

मिति : २०७५/११/२७

बिषय : **नक्शा पास गराएर मात्र भवन निर्माण गराउने बारेको अत्यन्त जरुरी सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा "**कसैले पनि नगरपालिकाबाट नक्शाा पास नगराई भवन निर्माण गर्न हुँदैन**" भन्ने स्पष्ट कानुनी व्यवस्था हुँदाहुँदै पनि कतिपय सँस्था र व्यक्तिले नक्शा पास नै नगराई घर निर्माण गरिरहेको बुझिन आएकोले सो कार्यमा व्यापक प्रचारप्रसार गर्ने र सम्वन्धित वडा कार्यालय लगायतबाट अनुगमन गरी नियमन गर्ने तथा नक्शाा पास नगरी निर्माण भएका संरचनाको हकमा ऐ. ऐनको तपसिलका दफाहरु आकर्षित हुने व्यहोरा स्पष्टै भएको हुँदा कानुनको पूर्ण पालना गर्न सबैले आ-आफ्नो तर्फवाट सकृय सहयोग गर्न मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५।११।१४ मा भएको निर्णय पूर्णरुपमा कार्यान्वयन गर्ने सन्दर्भमा सरोकारवाला सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । सम्बन्धित वडा कार्यालयका वडाध्यक्ष तथा सदस्यज्यूहरु र कर्मचारीहरु र राजनीतिक दल, नागरिक समाज तथा सञ्चारकर्मीज्यूहरुले समेत उल्लिखित कार्यमा नियमन हुने गरी प्रचारप्रसार, सूचना सम्प्रेषण, सहजीकरण, उपयुक्त समन्वय गरी विधिको शासन पालना गराउने कार्यमा सहयोग गरिदिनुहुन समेत कार्यालय सबैमा अनुरोध गर्दछ ।

....................................

(महेन्द्रकुमार खाम्याहाङ्ग)

**प्रमुख प्रशासकीय अधिकृत**